## कार्यपालिका बैठक सख्या - १

मितिः- २०७९।०४।२३

**प्रस्तावहरु**

१ :- सडक मर्मत सम्वन्धमा ।

२ :- कानुनी सल्लाहाकार नियूक्ति सम्वन्धमा ।

३:- गाउँपालिकाको कार्यालमा कोठा थप सम्वन्धमा ।

४:- कर्यविधि कार्यान्वयन सम्वन्धमा ।

५:-अक्सिजन सिलिन्डर सम्वन्धमा ।

६:- सार्वजनीक विदा सम्वन्धमा ।

७:- विविध सम्वन्धमा ।

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुद्धहवा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**निर्णयहरुः-**

१ :- पालिका भित्ररहेका कच्चि सडकहरु वर्षातका समयमा पानी जम्मा भई आवत जावतजावतमा समस्या भएका स्थानमा सडक मर्मत तथा संभार गर्नकालागी १ देखी ७ वटै वडालाई सडक मर्मत संभार कोषबाट रु ५०/५० हजार रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

२:- न्यायिक समितिमा दर्ता रहेका निवेदनहरुमा छलफल तथा पालिका अन्तर्गतका अन्य प्रशासनिक काममा कानुनि परामर्श लिनकालागि अधिवक्ता श्री होमनाथ पाण्डेलाई मिति २०७९/०४/०१ गते देखी लागु हुने गरी नियूक्ति गर्ने निर्णय गरियो ।

३:- गाउँपालिकाको कार्यालयमा दुई कोठा भवन निर्माण गर्ने र माथी छतमा ट्रस लगाउने निर्णय गरियो ।

४:- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामिलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ पालिकाले कार्यान्वयन गरि यस पालिकामा रहेका विरामिलाई माषिक रु ५०००/- का दरले दिने निर्णय गरियो ।

५:- विजयनगर गाउँपालिकाको स्वास्थ्य शाखामा रहेका अक्सिजन सिलिन्डर मध्ये ५ थान अक्सिजन सिलिन्डर वालाजी प्लाई कम्पनी, शिवराज - ६ लाई अनुदान स्वरुप दिने निर्णय गरियो ।

६:- मुस्लिम समुदायको मूख्य पर्व मोहर्म तथा नयाँ वर्ष आरम्भको अवसरमा यस कार्यालय अन्तर्गतका सम्पुर्ण कार्यालयहरु मिति २०७९/०४/२४ गते १ दिन सर्वजनिक विदा दिने निर्णय गरियो ।

७:- निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विष्णु भट्टराई | विजयनगर-६, प्रेमनगर | औषधोपचार | रु. २०,०००।- ( वीस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| २ | रिना कुमारी थापा | विजयनगर-३, उदयपुर | औषधोपचार | रु. २०,०००।- ( विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |



आ.व.२०७९।०८०

...पाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | देवी बहादुर वि.क. | विजयनगर-३, दिपेन्द्रनगर | शौचालय छत विजुलीको मिटरबक्स स्वीच बोर्ड टि.भि. र पानी तान्ने मोटर समेत | प्रविधिक मुल्याङ्कन अनुसार | मागमा आधारित साना पुर्वाधार | |
| ४ | मदरसा अहले सुन्नत फैजे गौसिया | विजयनगर-५, पिपरी | जल्सा कार्यक्रम | रु. ६०,०००।- (साठी हजार मात्र) | चाड पर्व मेला महत्सव तथा संस्कृतिक संरक्षण | |
| ५ | राईज नेपाल यूवाक्लवका परिवार सदस्य | विजयनगर २ लोहरौला | फुटवल प्रतियोगिता | रु. २०,०००।- ( विस हजार मात्र) | विभिन्न खेलकुद कार्यक्रममा सहयोग | |
| ६ | राम सुरत लोहार | विजयनगर ७ गणेशपुर | खाद्यान्न सहयोग | रु. २०,०००।- ( विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ७ | नेपाल कम्युनिस्ट पार्टी | केन्द्रिय समिति | महाधिवेशन | रु. २०,०००।- ( विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ८ | भिम बहादुर गुरुङ | विजयनगर १ मधनगरा | औषधिउपचार | रु. १०,०००।- ( दश हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुहरौया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल